# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

**प्रेस विज्ञप्ति- ३७०**

**Press Release- 370**

मिति: २०८२।०३।२७ गते।

## लागु औषध कोकिन ३ किलो ४०० ग्राम सहित विदेशी नागरिक १ जना पक्राउ।

लागु औषध नियन्त्रण ब्यूरो शाखा कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल गौचरणमा खटिएको प्रहरी टोलीले हवाई मार्ग हुदै नेपाल प्रवेश गर्ने यात्रुहरुको Criminal Profiling गर्ने क्रममा मिति २०८२।०३।२५ गते १६:०० बजेको समयमा Qatar Airways को उडान मार्फत अजरबैजानबाट काठमाण्डौ आएका भारतिय नागरिक मुम्बई, महाराष्ट्र ठेगाना भएका पासपोर्ट न. S447033 बाहक बर्ष ४९ का ABDUS SAMAD JAMAL MANSURI लाई त्रि.अ.बि.गौचरणको अराईभल पार्किङ् एरियाबाट निजले साथमा ल्याएको झोला भित्र लुकाई राखेको अबस्थामा **लागु औषध कोकिन ३ किलो ४०० ग्राम** बरामद गरी पक्राउ गरिएको छ।

साथै निज उपर लागु औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम आवश्यक अनुसन्धान भई रहेको ब्यहोरा सुचित गरिन्छ।




**प्रवक्ता/ सुचना अधिकारी**

( जनक बहादुर शाही )

प्रहरी उपरीक्षक

९८५११३२७४३

Contact no.:014611048, email: ncb@nepalpolice.gov.np, www.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal